# नेपालको वर्तमान सन्दर्भमा हिन्दु दर्शनको शैक्षणिक प्रयोग

[1]शिव प्रसाद तिमल्सेना
[1]उप-प्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्व विद्यालय, नेपाल
email : shivatimalsena@gmail.com

Received: October 8, 2024
Revised: October 25, 2024
Accepted: November 27, 2024,
Published: December 25, 2024
DOI: https://doi.org/10.3126/sss.v24i1.75385

**लेखसार**

हरेक व्यक्ति कुनै न कुनै रूपमा सत्यको खोजीमा लागि रहन्छन् । उनीहरू आफ्नो आदर्श, मूल्य र उद्‌देश्य अनुसार विभिन्न धारणा र दृष्टिकोणहरू बनाइ रहन्छन् । यो उनीहरूको जीवन दर्शन हो । यसैले दर्शन आफ्नो जीवनलाई हेर्ने सिलसिलाबद्ध दृष्टिकोण हो । यो आध्यात्मिक वा भौतिक जुनसुकै भए पनि एकीकृत वा पूर्ण सत्यको खोजी गर्नु यसको विशेषता हो । यसै सन्दर्भमा यस लेखमा हिन्दु दर्शनको परिचय दिई यसका ६ ओटा दार्शनिक हाँगा र ती हाँगाका आधारमा यसको समग्र दार्शनिक चिन्तन प्रणालीलाई विवेचना गरिएको छ । लेखलाई गुणात्मक ढाँचामा संरचित गरिएको छ । तथ्य सङ्‌कलनको मुख्य स्रोत सैद्‌धान्तिक किसिमका पुस्तक, लेखहरू, अध्येताको निजी दृष्टिकोण र सामाजिक प्रयोग व्यवहारलाई बनाइएको छ । लेखका लागि आवश्यक सामग्री सङ्‌कलन पुस्तकालय पद्‌धतिबाट विभिन्न सन्दर्भ कृति र मौखिक स्रोतका सहायताले गरिएको छ भने तिनको सङ्‌गठन र प्रस्तुतीकरणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ । अध्ययनबाट हिन्दु दर्शनका परिप्रेक्ष्यमा यसका शैक्षणिक उयादेयताहरू पहिल्याई नेपालमा हिन्दु दर्शनको आवश्यकता र औचित्यलाई पुष्टि गरिएको छ ।

शब्दकुञ्जी : षड्‌दर्शन, सत्व मीमांसा, ज्ञान मीमांसा, मूल्य प्रणाली, आर्यसत्य, आध्यात्मिकता ।

## परिचय

हिन्दु दर्शन भनेको वेदमा आधारित दर्शन हो । हिन्दु दर्शनलाई सनातन दर्शन वा आर्य दर्शन पनि भनिन्छ । यसको आरम्भ विन्दु वेदलाई मानिन्छ । वेद शब्द संस्कृत भाषाको शब्द हो । जसको निर्माण 'विद्' धातुबाट भएको पाइन्छ । यसको शाब्दिक अर्थ 'जान्नु' (to know) भन्ने हुन्छ । वेदलाई संसारको सबैभन्दा पुरानो ग्रन्थ मानिन्छ । म्याक्स मुलरले वैदिक कालको समय अवधि ईशापूर्व एक हजारदेखि दुई सय वर्षसम्मलाई मानेका छन् । यसरी ईशापूर्व एक हजारदेखि दुई सय वर्षसम्मको अवधिमा वैदिक वाङ्‌मयको रचना भएको उनको धारणा रहेको छ (Coward, Neufeldt and Neumaier, p . 93)। व्यास (कृष्ण द्‌वैपायन) का विचारमा प्रारम्भमा एउटा मात्र वेद रहेको थियो तर पछि ऋग्, यजुर्, साम र अथर्व

गरी चार वेदको अस्तित्व कायम भएको हो । कौटिल्यले पनि आफ्नो अर्थशास्त्रको पुस्तकमा ऋग्, यजुर् र साम गरी तिन ओटा वेदको मात्र चर्चा गरेका छन् ।

हिन्दु दर्शन मूलतः वेदलाई आधार बनाएर अघि बढेको छ । यस दर्शनले वेदलाई अपौरुषेय (ईश्वरीय) मानेको छ। यस दर्शनले पुनर्जन्मको चक्रमा विश्वास राख्दछ। त्यस्तै वेदलाई ज्ञानको स्रोत मान्नु, गाईलाई दैविक अस्तित्वका रूपमा स्वीकार्नु तथा आस्तिकतालाई शिरोधार्य गर्नु यस दर्शनका मूलभूत विशेषताहरू हुन् (वाग्ले र कार्की, २०६२) । "वेदलाई आधार मान्ने अन्य दर्शनले वेद र उपनिषद्कै जगत् सम्बन्धी मान्यतालाई स्वीकार गरेको पाइन्छ" (चालिसे, २०७५ : पृ. १४२) ।

वेदका दुई भागहरू रहेका छन् । जसमा संहिता र ब्राह्मण पर्दछन् । "संहिता भनेको मन्त्रको समूह हो । संहिताहरू ऋक् संहिता, यजुर् संहिता, साम संहिता र अथर्व संहिता गरी चार प्रकारका छन् । यी संहिताहरू यज्ञमा आधारित रहेका छन् । अर्थात् यज्ञ गर्ने विधि विधान यी संहितामा वर्णन गरिएको छ । ऋग्वेदलाई होता भनिन्छ । होताको अर्थ स्तुति हो" (Jayanarayana, p . 6) । ऋग्वेदमा इन्द्र, अग्नि, वरुण आदि देवताको स्तुतिमा मन्त्रको रचना गरिएको छ । ऋग्वेदमा इन्द्रलाई सम्बोधन गर्दै भनिएको छ : "हे ! इन्द्र पहिले हामी कुकुरको आन्द्रा खान्थ्यौं, अहिले तिम्रो कृपाले अन्न खाने भएका छौं । तिमीलाई कृतज्ञता व्यक्त गर्न चरु अग्निमा समर्पित गर्दछौं" (वाग्ले र कार्की, २०६२ : पृ. ५३) । अहिलेको समयमा मानिसले पुज्ने विष्णु, महादेव र ब्रह्मा आदि देवताको चर्चा ऋग्वेदमा गरिएको पाइँदैन । तर महादेवलाई भने रुद्रका रूपमा उल्लेख गरिएको पाइन्छ ।

अर्घ्यु भनेको यज्ञ सम्पादन गर्ने विधान हो । यज्ञको विधान विस्तृत रूपमा यजुर्वेदमा समेटिएको छ। उद्‌गाताले उच्च स्वरले वेद पाठ व्यक्तिलाई जनाइएको छ। साम वेदमा वेद पाठ गर्ने विधि विधानको उल्लेख गरिएको छ । ब्रह्मा भनेको यज्ञको निरीक्षण गर्ने व्यक्ति हो । अथर्व वेदले यज्ञको निरीक्षण गर्ने तौर तरिकाहरू विस्तृत रूपमा दिएको छ । वेदलाई समग्र रूपमा श्रुति वा सुनाइका माध्यमबाट ग्रहण गर्ने गरिन्छ । यी चार वेदमा जातभात, उचनीच र थिचो मिचोको कुरा कहीँ कतै गरिएको पाइँदैन । चार वेदभन्दा पछि रचना गरिएका ग्रन्थलाई भने स्मृति भनिन्छ । यी स्मृति र श्रुतिका बिच विवाद आएमा स्मृतिलाई भन्दा श्रुतिलाई प्रमाण ठान्नु पर्ने कुरा उल्लेख गरिएको छ (वाग्ले र कार्की, २०६२) ।

"वेदको दोस्रो भागलाई ब्राह्मण भनिन्छ । ब्राह्मणको अर्थ वेदको व्याख्या हो । यस अन्तर्गत उपनिषद् (दर्शन) र आरण्यक (जङ्गल मीमांशा) पर्दछन्" (वाग्ले र कार्की, २०६२ : पृ. ५३) । यज्ञको व्याख्या ब्राह्मणमा गरिएको पाइन्छ । उपनिषद्हरू चाहिँ मानव बस्तीभन्दा टाढा जङ्गलको शान्त वातावरणमा रचिएको कुरा उल्लेख गरिएको पाइन्छ । जे होस्, उपनिषद् र आरण्यक ब्राह्मणमा आध्यात्मिक वा दार्शनिक यज्ञको चर्चा गरिएको पाइन्छ ।

उपनिषद्लाई वेदका दृष्टिगत वा दार्शनिक पक्ष मानिन्छ । "उपनिषद्लाई ब्रह्मसूत्र वा मीमांशा पनि भनिन्छ । यसलाई वेदान्त (वेदको अन्त्य भाग) पनि नाम दिइएको छ" (Coward, Neufeldt and Neumaier, 2007 : p . 20) । जे नाम दिइएको भए पनि हामीले बुझ्नु पर्ने कुरा के हो भने यिनमा सांसारिक दुःख, कष्ट र पीडाबाट मुक्ति प्राप्त गर्ने उपायका बारेमा बताइएको छ । उपनिषद्का मन्त्रहरूले ब्रह्माण्डमा विद्‌यमान परम् सत्यका बारेमा चर्चा गरेका छन् । यिनमा तत्त्व मीमांशाका बारेमा पनि प्रकाश पारिएको छ । उपनिषद्को विषय वस्तु भनेको ब्रह्म वा ईश्वर हो । उपनिषद्मा ब्रह्म वा ईश्वरलाई नै मूल तत्त्व

मानिएको छ । त्यही ब्रह्म तत्त्वको अनुकम्पाबाट ब्रह्माण्डीय तत्त्वहरू चलायमान भइ रहेको कुरा उपनिषद्मा चर्चा गरिएको छ ।

यसरी दार्शनिक तत्त्वको खोजी, अन्वेषण र विवेचनामा हिन्दु दर्शनको परम्परा ज्यादै प्राचीन र समृद्ध रहेको पाइन्छ । दर्शनको महत्ता र गरिमाका विषयमा पूर्वमा अत्यधिक चर्चा भएको छ । वेद, आरण्यक, उपनिषद्, पुराण र दर्शन शास्त्र पूर्वको ज्यादै गरिमामय परम्परा हो । यसै सन्दर्भमा यस लेखमा हिन्दु दर्शन र यसका ६ ओटा दार्शनिक हाँगाहरूको परिचय दिई उक्त आधारमा यसका दार्शनिक चिन्तनहरू पहिल्याउने प्रयास गरिएको छ । साथै हिन्दु दर्शनको चर्चाका आधारमा नेपालको वर्तमान सन्दर्भमा यसको शैक्षणिक प्रयोग, उपयोगिता र आवश्यकतालाई निरूपण गर्ने उद्देश्य यस लेखमा राखिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखलाई गुणात्मक ढाँचामा संरचित गरिएको छ । खास गरी हिन्दु दर्शनको अवधारणा, षड्दर्शनको परिचय र यसको दार्शनिक पक्षको विवेचनाका लागि सैद्धान्तिक किसिमका पुस्तक र लेखहरूलाई आधार बनाइएको छ भने हिन्दु दर्शनको शैक्षणिक प्रयोग र उपयोगिता निर्धारणका लागि सैद्धान्तिक आधारका अलावा अध्येताको निजी दृष्टिकोण र सामाजिक प्रयोग व्यवहारलाई आधार बनाइएको छ । लेखका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालय पद्धतिबाट विभिन्न सन्दर्भ कृति र मौखिक स्रोतका सहायताले गरिएको छ भने तिनको सङ्गठन र प्रस्तुतीकरणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ ।

## परिणाम तथा छलफल

वेदमा ६ ओटा दर्शन छन् । जसलाई षड्दर्शन भनिन्छ । यिनै षड्दर्शनहरू नै वेदका आधार हुन् । जसको सार तत्त्व तल चर्चा गरिन्छ :

### षड्दर्शनको सार

#### साङ्ख्य दर्शन

यसलाई द्वैतवादी दर्शन भनिन्छ । यस दर्शनका प्रणेता कपिल मुनि हुन् । “सम्यक् ज्ञानका अर्थमा साङ्ख्य दर्शनलाई लिइन्छ” (प्रभात, २०७४ : १३६) । यस दर्शनले प्रकृति र पुरुष दुई तत्त्वबाट ब्रह्माण्ड सञ्चालित रहेको कुरा प्रस्तुत गर्दछ । “जसमा पुरुषलाई बुद्धि वा स्वः भनिन्छ । जो वस्तुगत संसारबाट बाहिर रहन्छ । अर्को प्रकृति हो । जुन चाहिँ अचैतन्य हुन्छ” (वाग्ले र कार्की, २०६२ : पृ. ५३) । स्वः को सन्तुष्टि बाहेक अरू काम यसले गर्दैन । पुरुष र प्रकृतिको संयोगबाट विश्वको विकास भएको हुन्छ । यस्ता तत्त्वहरू २५ ओटा रहेका छन् ।

#### योग दर्शन

यस दर्शनका प्रणेता पतञ्जलि हुन् । सा<sup>ङ</sup>ख्य दर्शनका तत्त्व मीमांशा र ज्ञान मीमांशा योग दर्शनका मार्ग निर्देशक सिद्धान्त मानिन्छन् । योग दर्शनले विवेक ज्ञानको प्राप्तिका लागि योगको आवश्यकता

औँल्याएको छ । "The word 'Yoga' is derived from two roots, viz . *yujir* meaning yoking and *yuja* meaning combining/connecting, and according to some, also meaning meditation . 'Yoga,' thus, means re-integration . It deals with the techniques of self-control" (Tiwari, 2009 : p . b\w6) . यसले सम्पूर्ण मानसिक कार्यलाई सबल पार्ने कार्य योगले गर्ने विश्वास राखेको पाइन्छ । योगको उद्देश्य भनेको आत्माको यथार्थको प्राप्ति हो । पतञ्जलिका अनुसार योग चित्तवृत्तिको निरोधको उपाय पनि हो (Jayanarayana, p . 10) ।

**न्याय दर्शन**

यस दर्शनका प्रणेता महर्षि गौतम हुन् । यस दर्शनलाई यथार्थवादी दर्शन मानिन्छ । यो विधि मूलतः न्याय सम्मत विवेचनासँग सम्बन्धित छ । "Nyaya symbolises logical realism . The term Nyaya means right or just, in popular usage" (Tiwari, 2009 M p . 60) . न्याय संसार तथा त्यसको सुन्दरम प्रकृतिसँग सम्बन्धित छ । न्याय दर्शन तार्किक प्रणालीसँग गाँसिएको छ । "यस दर्शनको मुख्य विषय वा बुद्धि वा ज्ञान हो । यस दर्शनलाई आणविक बहुलवाद र तार्किक यथार्थवादको पद्धतिका रूपमा लिइन्छ" (अर्याल र अधिकारी, २०७५ : पृ. ३८) । यस दर्शनको उद्देश्य सांसारिक दुःखबाट मुक्ति गर्नु र परमात्मा प्राप्त गर्नु हो । हिन्दु दर्शनको प्राणका रूपमा रहेको यो दर्शनको प्रमुख विषय प्रमाण हो तसर्थ यसलाई न्याय विधा, तर्कशास्त्र र प्रमाण शास्त्र पनि भनिएको पाइन्छ ।

**वैशेषिक दर्शन**

यस दर्शनका प्रतिपादक कणाद महर्षि हुन् । यसले ब्रह्माण्ड नौ किसिमका पदार्थले बनेको मान्दछ । पदार्थ नै यस दर्शनको मूल आधार हो । पदार्थभित्र विशेषको गुण रहन्छ । "यस मतका अनुयायीहरूका विचारमा धानको आरम्भक परमाणुमा कुनै वैशिष्ट्य छ, जसले गर्दा त्यसबाट धान नै उत्पादन हुन्छ अन्य गहुँ, कोदो उत्पन्न हुँदैन" (ढकाल, २०६७ : पृ. २२५) । यस दर्शनले प्रत्यक्ष र अनुमान दुई कुरालाई प्रमाण मान्दछ । यस दर्शनको चर्चाको विषय नै पदार्थ भएकाले यसलाई पदार्थ शास्त्र पनि भनिएको पाइन्छ ।

**मीमांसा दर्शन**

यस दर्शनका प्रतिपादक जैमिनी ऋषि हुन् । मीमांशालाई पूर्व मीमांशा र उत्तर मीमांशा गरी दुई भागमा विभाजन गरिएको छ । जसमा पूर्व मीमांशा वेदको रक्षार्थ विकास गरिएको हो भने उत्तर मीमांशा वेदको ज्ञान काण्डको रक्षार्थ विकास गरिएको हो । यस दर्शनको मुख्य विषय नै धर्म हो । जसले यज्ञलाई नै धर्मका रूपमा व्याख्या गरेको छ । यज्ञबाट नै स्वर्ग पनि प्राप्त हुन्छ । यसरी मीमांशा दर्शनले वैदिक धर्म र कर्म काण्डलाई न्यायोचित बनाउने हरसम्भव प्रयास गरेको पाइन्छ । "यस मतले स्वर्ग, सुख सम्पत्ति अभ्युदय सुख हो र मोक्ष निःश्रेयस सुख अपरिवर्तनीय छ मानेको छ" (ढकाल, २०६७ : २२५) । "आस्तिक र नास्तिक दुबै दर्शनका दृष्टिले ज्ञानगत प्रामाण्य र अप्रामाण्यको विस्तृत विवेचन गर्दै मीमांशा दर्शन अभिमत स्वतः प्रामाण्य वादलाई युक्तिपूर्वक पुष्ट गरी स्थापित गरिएको छ" (भट्टराई, २०७४ : पृ. ६०) ।

**वेदान्त दर्शन**

वेदको अन्त्य भागलाई वेदान्त भनिन्छ । यो भाग उपनिषद्मा आधारित छ । वाद नारायणको ब्रह्मसूत्र यस दर्शनको मूल आधार हो । यस दर्शनलाई अद्वैतवाद पनि भनिन्छ किनकि यसले ब्रह्मलाई नै सम्पूर्ण सृष्टिको सारका रूपमा स्वीकार गरेको छ । "वेदान्तको मूल केन्द्रमा भगवान् ब्रह्मा छन् र प्रत्येक प्राणीको आत्मा ब्रह्माका अतिरिक्त केही पनि होइन भन्ने धारणा यस दर्शनले राखेको पाइन्छ" (अधिकारी, २०७० : पृ. १८३) । "यस दर्शनले विश्व जगत्लाई असत्य मानेर यहाँ ईश्वर, जीव, जगत् भन्ने सबै कुरा प्रपञ्च मात्र हुन्, ब्रह्म मात्र सत्य हो, जगत् सबै मिथ्या हो, जीव नै ब्रह्म हो, जगत् मिथ्या हो र जीव र ब्रह्म अभिन्न छन्" (चालिसे, २०७५ : पृ. १४२) भन्ने धारणा राखेको पाइन्छ । यसरी ब्रह्मारूपी मूल तत्त्व वा एकत्वबाटै सारा संसार परिचालन हुने कुरा वेदान्त दर्शनले अघि सारेको छ ।

यसरी हिन्दु दर्शन मूलतः षड्दर्शनमा आधारित रहेको छ । यी सबै (६ ओटा) दर्शनको साझा रूप नै हिन्दु दर्शन हो । यी सबै दर्शनको साझा उद्देश्य भनेको मोक्ष प्राप्तिमा जोड दिनु हो । यी सबै दर्शनको उत्पत्ति वेदबाटै भएको पाइन्छ । सबै दर्शनहरूले कर्मवादमा जोड दिएका छन् । अर्थात् कर्मबाटै मोक्ष प्राप्त गर्न सकिने कुरा हिन्दु दर्शनको साझा विशेषता बनेको देखिन्छ । सबै दर्शनहरूले सांसारिक बन्धनको रूपमा अज्ञानलाई मानेका छन् भने बन्धनको विनाशको आधार ज्ञानलाई मानेका छन् । त्यस्तै मोक्षको प्राप्ति पनि यी दर्शनहरूको साझा मान्यताका रूपमा रहेको छ । उल्लिखित षड्दर्शनका आधारमा हिन्दु दर्शनको दर्शनशास्त्रीय विवेचना निम्न अनुसार गर्न सकिन्छ :

**हिन्दु दर्शनको दर्शनशास्त्रीय विवेचना**

यथार्थको अवधारणा ***(Concept of Reality)***हिन्दु दर्शनको यथार्थको प्रमुख अवधारणा भनेको ईश्वरको अस्तित्वमा विश्वास राख्नु हो । रामानुजले भूत, आत्मा र ईश्वर गरी तिन सत्य हिन्दु दर्शनमा रहेको कुरा उल्लेख गरेका छन् । जसमा वैयक्तिक आत्माले भौतिक शरीरमाथि आधिपत्य कायम गर्दछ भने ईश्वरले वैयक्तिक आत्मा र भौतिक शरीर दुबैमाथि आधिपत्य कायम गर्दछ । यस प्रकार आत्मा र शरीररूपी यथार्थको दाँजोमा ईश्वरीय अस्तित्व सबैभन्दा माथि रहेको कुरा यस दर्शनले यथार्थका रूपमा स्वीकारेको देखिन्छ (Timalsina, 2009) ।

"साङ्ख्य दर्शनले पुरुष र प्रकृतिबाट सारा ब्रह्माण्ड सञ्चालित भएको अवधारणा प्रस्तुत गर्दछ । जसमा पुरुषलाई बौद्धिक वा ईश्वरीय तत्त्वका रूपमा र प्रकृतिलाई ब्रह्माण्ड वा भौतिक तत्त्वका रूपमा लिइएको छ" (अधिकारी, २०७० : पृ. १८४) । यी दुबै तत्त्वको संयोगबाट नै ब्रह्माण्ड चलायमान रहेको कुरा साङ्ख्य दर्शनको यथार्थको अवधारणा हो । योग दर्शनले मानिसका सम्पूर्ण मानसिक क्रियाकलापलाई नियन्त्रण गर्न सकेको खण्डमा मात्र यथार्थ प्राप्त गर्न सकिने कुरामा विश्वास राख्दछ । योगका माध्यमबाट चित्तवृत्तिको निरोध गर्न सके मात्र यथार्थको प्राप्ति गर्न सकिने धारणा यस दर्शनको रहेको छ । न्याय दर्शनले ईश्वर एक मात्र छ तर सर्वज्ञ छ, ईश्वरमा नै नित्य सुख छ र यही नै सत्य हो भनेको छ । वैशेषिक दर्शनको यथार्थ भनेको पदार्थ हो । प्रत्येक पदार्थमा रहेको विशेष गुणले त्यसको अस्तित्व कायम भएको हुन्छ र त्यही गुणको सम्बन्धले ब्रह्माण्डको सृष्टि र विनाश कार्य हुने धारणा राख्दछ ।

मीमांशा दर्शनले धर्मलाई सत्यका रूपमा परिभाषित गरेको छ । मानवका लागि धार्मिक कार्य नै मानवीय

कार्य मानिन्छ । यस दर्शनका अनुसार धर्मको व्याख्या यथार्थमा लेखिएको आधारमा गर्नु नै यथार्थ ज्ञान हो । "*Mimansa* adopts the theory of plurality of selves to account for the variety in nature . It believes that all non-living and living forms, whether under bondage or liberated, are true . The universe was neither created nor can be destroyed" (Tiwari, 2009 : 6b\w) . त्यस्तै वेदान्त दर्शनले ईश्वर वा ब्रह्माण्डलाई एक मात्र अस्तित्व स्वीकार गरेको छ । सम्पूर्ण जीवहरू नै ब्रह्मका अङ्ग हुन् । यस दर्शनले ईश्वरलाई अन्तिम यथार्थका रूपमा स्वीकार गरेको छ ।

**ज्ञानको स्वरूप** ***(Nature of Knowledge)***

हिन्दु दर्शनले ज्ञानलाई आस्तिक वा ईश्वरीय दृष्टिकोणबाट प्रस्तुत गर्दछ । जसमा साङ्ख्य दर्शनले ज्ञान अनुभवबाट प्राप्त हुने धारणा राख्दछ । यस दर्शनका अनुसार ज्ञानको स्वरूप तत्त्वहरूमा आधारित हुन्छ । तत्त्वहरू पुरुष र प्रकृतिबाट सञ्चालित र नियन्त्रित हुन्छन् । योग दर्शनका अनुसार योगाभ्यासबाट ज्ञान प्राप्त हुन्छ । यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारण, ध्यान र समाधिबाट नै ज्ञान प्राप्त गर्न सकिने कुरामा यस दर्शनले विश्वास राख्दछ (अधिकारी, २०७०) । न्याय दर्शनमा प्रमा र अप्रमा ज्ञानको चर्चा गरिएको छ । प्रत्यक्ष, अनुमान, उपमा शब्दबाट प्रमा ज्ञान प्राप्त हुन्छ । यस दर्शनमा प्रमा ज्ञान वास्तविक, यथार्थ र प्रामाणिक हुन्छन् । ज्ञान प्राप्तिको माध्यमका रूपमा इन्द्रियलाई सर्वोत्तम मानिएको छ ।

वैशेषिक दर्शनका आधारमा द्रव्य, गुण, कर्म, सामान्य, विशेष, सम्भाव्य र अभावबाट ज्ञान प्राप्त हुन्छ । पदार्थमा रहेका आकर्षण, विकर्षण, खुम्चने र फैलने कार्यहरूका कारण ज्ञान प्राप्त गरिने कुरा यसले राखेको पाइन्छ । त्यस्तै मीमांशा दर्शनले धार्मिक ज्ञानलाई जोड दिएको पाइन्छ । वेद, पुराण, गीता, उपनिषद् आदि ग्रन्थमा लेखिएका कुराहरू नै ईश्वरीय वाणी हुन् जसको विरोध गर्नु हुँदैन भन्ने कुरा मीमांशा दर्शनको ज्ञानप्रतिको दृष्टिकोण हो । वेदान्त दर्शनले भने ब्रह्म सूत्रबाट ज्ञान प्राप्त गर्न सकिने धारणा राखेको छ । यसमा अन्तर्ज्ञान र स्वयम् प्रकाश ज्ञानबाट नै वास्तविक ज्ञान प्राप्त हुन्छ भन्ने धारणा राखेको पाइन्छ ।

**मूल्य प्रणाली** ***(Concept of Value System)***

हिन्दु दर्शन पूर्ण रूपमा ईश्वरीय सिद्धान्तमा आधारित दर्शन हो । यस दर्शनले आत्मसात् गरेका मूल्य प्रणालीले मानवीय जीवनलाई मार्गनिर्देश गरिरहेका छन् । मूलतः यस दर्शनले ईश्वरप्रति अपार श्रद्धा, आस्था र विश्वास गरेको छ । यसरी वेदमा आधारित हुनु तथा ईश्वरप्रति अगाध विश्वास राख्नु यस दर्शनको मुख्य मूल्य प्रणाली रहेको छ । हिन्दु दर्शनले सत्यम्, शिवम् र सुन्दरम्को धारणालाई स्वीकार गरेको छ । अरुको सेवा गर्नु पनि उच्च मानवीय मूल्यका रूपमा यस दर्शनमा रहेको छ ।

त्यस्तै पितृ ऋण, गुरु ऋण र ईश्वर ऋणबाट मुक्त हुन यसले सल्लाह दिएको छ । यसले मूल्यको सिद्धान्तलाई पूर्ण र अंशको सिद्धान्तसँग मिलान गरेर हेर्ने कुरामा जोड दिएको छ । जस अनुसार पूर्ण मूल्य प्राप्ति ईश्वरको भक्ति, श्रद्धा र पूजा पाठबाट प्राप्त हुने ईश्वरीय शक्तिद्वारा हुने गर्दछ । झुटो नबोल्नु, चोरी नगर्नु, मानिसलाई नठग्नु, सत्कार्यमा लागिरहनु हिन्दु दर्शनको अर्को मूल्य हो । "त्यस्तै गरी

धर्म गर्नु, अतिथिको सत्कार गर्नु, देवता र अग्रजहरूलाई सम्मान गर्नु, दीनदु:खीको सेवा गर्नु, आफूभन्दा ठुलालाई सम्मान गर्नु तथा सानालाई माया गर्नु आदि यस दर्शनका मूलभूत मूल्यशास्त्रीय दृष्टिकोणहरू हुन्" (Coward, Neufeldt and Neumaier, 2007 : p . 93)। अब यिनै सैद्धान्तिक आधार र दार्शनिक चिन्तनका आधारमा हिन्दु दर्शनका शैक्षणिक प्रयोगलाई नेपालका सन्दर्भमा केलाउने प्रयास गरिन्छ ।

**नेपालको वर्तमान सन्दर्भमा हिन्दु दर्शनको शैक्षणिक प्रयोग**

हिन्दु दर्शनको शिक्षाको उद्देश्य जीवनका लागि बालकलाई तयार गर्नु रहेको छ । जीवनको लक्ष्य भनेको ईश्वरसँग साक्षात्कार गर्नु र स्वः अनुभूति गर्नु रहेको छ । मोक्ष प्राप्ति गर्नु पनि यस दर्शनको लक्ष्य हो । त्यसैले शिक्षाले यस कार्यमा व्यक्तिलाई सहयोग गर्नु पर्दछ । हिन्दु दर्शनको शिक्षाको लक्ष्य जन्मने र मर्ने चक्रबाट मुक्ति पाउनु पनि रहेको छ । यसले जीवनको उद्देश्य मानव कल्याण वा पुरुषार्थलाई मान्दछ । पुरुषार्थका अङ्गका रूपमा धर्म, अर्थ, काम, मोक्ष प्राप्त गर्नु रहेका छन् । कर्म सबैका निम्ति अनिवार्य हो, कर्म नगरी बस्ने अधिकार मलाई पनि छैन भनेर स्वयम् उपदेशक भगवान् श्रीकृष्ण समेत कर्मका अगाडि कमजोर मानिस सरह बाँधिएको कुरा गीतामा उल्लेख गरिएको छ (Murthy, 2013) । यस दर्शनका अनुसार बालक ५ वर्षको भएपछि अक्षर स्वीकरणबाट सुरु भएको शिक्षा २५ वर्षसम्ममा पुरा भइ सक्नु पर्दछ (अर्याल र अधिकारी, २०७५) । समग्रमा हिन्दु दर्शनका शैक्षणिक प्रयोगलाई नेपालका सन्दर्भमा जोडेर निम्नानुसार चर्चा गर्न सकिन्छ :

**जन्म र मृत्युको चक्रबाट मुक्ति**

यस दर्शनका अनुसार व्यक्ति सांसारिक जगत्मा अशक्त भयो भने उसले भौतिक संसारबाट मुक्ति प्राप्त गर्न सक्दैन । परम सत्यको प्राप्तिबाट मुक्ति सम्भव छ । "भावको स्थिति जन्म हो भने अभावको स्थिति मृत्यु हो" (चालिसे, २०७५ : पृ. १४४) । यहाँ भगवान्को उपासनामा तल्लीन भएन । भौतिकरूपी संसारबाट मुक्त हुनु भनेको नै जन्म र मृत्युको चक्रबाट मुक्त हुनु हो । तसर्थ यसका लागि आध्यात्मिक वा परा शिक्षाको आवश्यकता पर्दछ । यस कुराको चर्चाले मानिसमा निस्वार्थ सेवामा जुट्नका लागि प्रेरित गर्दछ । मानिसमा लोभ र मोहको भावना हटाउन मदत गर्दछ । तसर्थ नेपालको शिक्षामा हिन्दु शिक्षाको प्रयोग गर्नु आवश्यक रहेको देखिन्छ ।

**जीवनका चार लक्ष्य प्राप्त गर्नु**

हिन्दु दर्शनको शिक्षाको लक्ष्य पुरुषार्थको प्राप्ति पनि हो । जस अनुसार मानव कल्याणका चार पुरुषार्थहरू धर्म (उचित र सत्यनिष्ठ व्यवहार), अर्थ (भौतिक सुखको प्राप्ति), काम (हरेक प्रकारको इच्छाको पूर्ति) र मोक्ष (मुक्तिको खोजी) पर्दछन् (अर्याल र अधिकारी, २०७५) । यी पुरुषार्थको प्राप्तिपछि मात्र मानिस निष्काम योगले कर्ममा लाग्न सक्छ । तसर्थ पनि नेपालको वर्तमान सन्दर्भमा हिन्दु दर्शनको शिक्षण आवश्यक देखिन्छ ।

**तिन ऋणबाट मुक्ति**

हिन्दु दर्शनले शिक्षाको उद्देश्य ईश्वर, गुरु र पितृ ऋणबाट मुक्त हुनुलाई राखेको छ (चालिसे, २०७५) । यो नेपालको सन्दर्भमा अत्यन्तै सान्दर्भिक देखिन्छ किनकि अहिले नेपालमा धर्मप्रति वितृष्णाको भाव फैलिइ

रहेको छ । गुरु र आमा बुबा लगायत अग्रजलाई सम्मान गर्ने परम्परामा कमी आएको देखिन्छ । यस्ता सामाजिक मर्यादा सिकाई समाजलाई सभ्य र सुसंस्कृत बनाउनका लागि पनि नेपालमा हिन्दु शिक्षाको खाँचो देखिन्छ ।

**आध्यात्मिक विकासका लागि शिक्षा**

हिन्दु दर्शनको शिक्षाको उद्‌देश्य व्यक्तिमा आध्यात्मिक भावनाको विकास गर्नु पनि हो । भौतिकताले मात्र मानिसलाई सुख र सन्तुष्टि दिन सक्दैन । धर्म प्रतिको लगाव मानिसलाई आत्मानुशासनमा बाँध्ने कडी पनि हो । "यसरी हेर्दा धर्मको विशिष्टता स्वभावको सम्मान हो । हामी सबै आआफ्नै धर्ममा अनुशासित भएर चल्नु नै जीवनको पनि सहज वृत्ति हो, स्वभाव हो" (चालिसे, २०७५ : पृ. १४९) । मानिसमा आध्यात्मिक चेतनाको विकास भयो भने मात्र समाजमा पनि शान्ति र स्थिरता कायम हुन सक्दछ । समाजमा फैलिँदै गएको भौतिकता प्रतिको मोहलाई हटाउन पनि आध्यात्मिक शिक्षाको आवश्यकता छ ।

**सहिष्णुता र धैर्यको प्राप्ति**

जीवनप्रति सम्पूर्ण रूपमा श्रद्धा राखेर तथा ठुलालाई आदर सम्मान गरेर र सानालाई स्नेह गरेर धैर्य र आनन्द प्राप्त गर्न सकिन्छ (Saksena, 19b\wb\w) । सहनशील भएर सहिष्णुता प्राप्त गर्न सकिन्छ । सन्तुष्टि, त्याग तथा मानवीय व्यवहारमा संलग्न भएर धैर्य प्राप्त गर्न सकिन्छ । नेपालको परिप्रेक्ष्यमा हेर्दा विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृतिप्रति मानिसहरू असहिष्णु भइ रहेको देखिन्छ । यस्तो असहिष्णुता हटाउन र समानता कायम गर्न पनि हिन्दु दर्शनमा आधारित शिक्षाको खाँचो नेपालमा देखिन्छ ।

**उच्च चरित्रको निर्माण**

हिन्दु दर्शनमा आधारित शिक्षाले विद्‌यार्थीको उच्च नैतिक चरित्रको निर्माणमा जोड दिएको पाइन्छ । जसको उदाहरणका रूपमा गीतालाई लिन सकिन्छ, जसले जीवनको सर्वोच्चता हासिल गर्नका लागि मार्ग प्रशस्त गर्ने बृहत् आध्यात्मिक चेतना र दार्शनिक आधार प्रदान गरेको छ (Murthy, 2013) । त्यस्तै हिन्दु दर्शनसँग सम्बन्धित अन्य ग्रन्थहरूले असल चरित्रको निर्माणमा यसले आदत, खानपान, दिनचर्या, भेषभुषा, आस्था र व्यवहारको निर्धारण गरेको पाइन्छ । जस अनुसार विद्‌यार्थीले ब्रह्मचार्य धर्मको पालना गर्नु पर्ने, सात्विक भोजन गर्नु पर्ने, अल्पाहारी हुनु पर्ने, शृङ्गार गर्न नहुने जस्ता नियमहरू पालना गर्नु पर्ने हुन्छ । यस्ता नियमको पालनाले विद्‌यार्थीलाई असल मार्गमा लागि सद्‌शिक्षा लिने प्रेरणा मिल्न सक्छ ।

**संस्कृतिको हस्तान्तरण**

हिन्दु दर्शनले आफ्नो परम्परागत मौलिक संस्कृतिलाई जोगाउनु पर्ने र तिनको पालना गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ । घर परिवार, समाज र देशमा प्रचलित मौलिक संस्कृतिको संरक्षणमा यो दर्शन अघि बढेको देखिन्छ (Saksena, 19b\wb\w) । यस्ता संस्कृतिको हस्तान्तरणले विद्‌यार्थीमा आफ्नो माटोलाई माया गर्ने प्रेरणा जागृत हुन सक्छ । तसर्थ पनि नेपालको सन्दर्भमा हिन्दु दर्शनले अघि सारेको शिक्षा प्रणालीको खाँचो देखिन्छ ।

### व्यक्तित्वको सर्वाङ्गीण विकास

व्यक्तिको सर्वाङ्गीण विकास गर्नु पनि हिन्दु दर्शनमा आधारित शिक्षाको लक्ष्य रहेको छ । विद्यार्थीको व्यक्तित्व विकासका लागि आत्म संयम, आत्म सम्मान, आत्म विकास आदि सद्गुणको विकास शिक्षाकै माध्यमबाट हुन सक्छ (Timalsina, 2009)। तसर्थ पनि शिक्षाका माध्यमबाट यस्ता गुणहरूको विकास गराउन हिन्दु दर्शनमा आधारित शिक्षाले सहयोग गर्ने देखिन्छ ।

### चित्तवृत्तिको निरोध

यस दर्शनका अनुसार जप, तप, यज्ञादि, योग आदिका माध्यमबाट भौतिक शरीरलाई नियन्त्रण गरी मनलाई एकाग्र बनाई परमात्मा प्राप्ति गर्नु नै चित्तवृत्तिको निरोध गर्नु हो । यसका लागि विद्यार्थीहरूलाई विभिन्न प्रकारले अभ्यास गराई मनलाई स्थिर बनाउन सिकाउन सकिन्छ । यस्तो अभ्यासले विद्यार्थीको उपलब्धि स्तर बढ्ने, सिकाइ क्षमतामा सुधार आउने तथा आत्म विश्वासको भावना विकास हुने देखिन्छ । तसर्थ पनि नेपालको सन्दर्भमा हिन्दु दर्शनमा आधारित शिक्षाको आवश्यकता र औचित्य देखिन्छ ।

### सामाजिक कुशलताको विकास

यस हिन्दु दर्शनमा आधारित शिक्षाले विद्यार्थीको सामाजिक कुशलताको विकासमा जोड दिएको छ (Timalsina, 2009) । शिक्षाले बालकको मानसिक विकासका साथै सामाजिक विकासमा समेत ध्यान दिनु पर्दछ । विद्यार्थीलाई सैद्धान्तिक शिक्षाका साथै व्यावसायिक र व्यावहारिक शिक्षा पनि दिनु पर्ने धारणा यस दर्शनले राखेको पाइन्छ । यी कुरा वर्तमान शिक्षामा पनि लागु गर्न सके समाजको विकासमा योगदान पुग्ने देखिन्छ ।

### ज्ञान र अनुभवमा जोड

यस हिन्दु दर्शनमा आधारित शिक्षाले ज्ञान र अनुभवको संयोजन गर्ने कुरामा जोड दिएको पाइन्छ। ज्ञान र अनुभवको संयोजनले मानिसलाई कुशल, व्यवहार प्रवीण र दक्ष बनाउँछ। ज्ञान र अनुभवको संयोजनका लागि सकारात्मक उत्प्रेरणाको खाँचो पर्ने कुरा मनुस्मृतिमा उल्लेख गरिएको छ (Framarin, 2009) । तसर्थ पनि हिन्दु दर्शनमा आधारित शिक्षाको नेपालमा खाँचो रहेको देखिन्छ ।

### निष्कर्ष

हिन्दु दर्शनलाई वैदिक दर्शन, आर्य दर्शन र सनातन दर्शन पनि भनिन्छ । यो दर्शन वेदमा आधारित दर्शन हो । यसले धर्मको पालनामा जोड दिएको छ । यस दर्शनले धर्मका अतिरिक्त मानव सभ्यता, संस्कृति, व्यवहार र परम्पराको विकासमा पनि अतुलनीय योगदान दिएको देखिन्छ । मूलतः शिक्षाको क्षेत्रमा यस दर्शनका योगदानहरू अविस्मरणीय देखिन्छन् । विद्यार्थीको मानसिक विकासका साथै व्यावहारिक, आध्यात्मिक, नैतिक आदि पक्षको विकासमा यस दर्शनले मदत गरेको देखिन्छ । यसले व्यक्तिको उच्च अनुशासन र चरित्रमा पनि जोड दिएको छ । कार्यमूलक पाठ्यक्रमको अवधारणा पनि यसै दर्शनबाट

भित्रिएको पाइन्छ । विद्यार्थीको खानपान, भेषभूषा, आदतमा यस दर्शनको प्रभाव वर्तमान शिक्षामा झनै महसुस गर्न सकिन्छ । त्यस्तै पाठ्यक्रममा भाषा, साहित्य, तर्क जस्ता विषयको प्रवेश पनि यसै दर्शनको प्रभाव स्वरूप भएको देखिन्छ । यसरी हिन्दु दर्शनको प्रभाव नेपालको वर्तमान शिक्षा प्रणालीमा स्पष्ट देख्न सकिन्छ ।

**सन्दर्भ ग्रन्थ सूची**


**नेपाली**

अधिकारी, तोयानाथ (२०७०), शिक्षाका आधारहरू, एकेडेमिक बुक सेन्टर ।

अर्याल, प्रेम नारायण र अधिकारी, वालकृष्ण (२०७५), शिक्षाका आधारहरू, करुधरा पब्लिकेसन प्रा. लि. ।

चालिसे, नारायण (२०७५), कृति विश्लेषणका पौरस्त्य दार्शनिक मानदण्डहरू, नेपाल प्रज्ञा प्रतिष्ठान ।

ढकाल, माधव (२०६७), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, विद्यार्थी पुस्तक भण्डार ।

प्रभात, विष्णु (२०७४), दर्शनबोध, नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, पद्म प्रसाद (२०७४), पौरस्त्य दर्शन एक चिनारी, विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मन प्रसाद र कार्की, उपेन्द्र कुमार (२०६२), शिक्षाका आधारहरू, विद्यार्थी पुस्तक भण्डार ।

**अङ्ग्रेजी**

Coward, H., Neufeldt, R., Neumaier, E . (2007), *Reading in Eastern Religions* (second edi.), Wilfrid Laurier University Press.

Framarin, C . G . (2009), *Desire and Motivation in Indian Philosophy,* Routledge.

Jayanarayana, K . (Edits.), (N . D.), *Introduction to Indian Philosophy*, University of Calicut.

Murthy, B . S . (2013), *Bhagvad Gita,* Self Imprint.

Timalsina, S . (2009), *Consciousness in Indian Philosophy,* Routledge.

Tiwari, S . P . (2009), *An Insight into Hindu Philosophy – Life and Beyond* , Readworthy.

Saksena, S . K . (19b\wb\w), *Nature of Conciousness in Hindu Philosophy,* Nand Kishore and Bros.